सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

आदेश

०७२-WF-०००१

मुद्दाः– उत्प्रेषणयुक्त परमादेश।

| | | |
|---|---|---|
| महोत्तरी जिल्ला, गौशाला गाउँ विकास समिति वडा नं. ६ बस्ने शैलदेवी महतो | १ | निवेदक |

विरुद्ध

| | | |
|---|---|---|
| श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौं | १ | विपक्षी |
| श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौं | १ | |
| श्री मालपोत कार्यालय जलेश्वर, महोत्तरी | १ | |
| श्री नापी शाखा, जलेश्वर, महोत्तरी | १ | |

**यस अदालतमा आदेश गर्नेः माननीय न्यायाधीश श्री दीपकराज जोशी**
**माननीय न्यायाधीश श्री गोबिन्दकुमार उपाध्याय**
**फैसला मितिः २०७२।०९।२१**

यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।०९।२१ मा आदेश भई साविक सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ग) र तत्काल प्रचलित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

जिल्ला महोत्तरी गौशाला गाउँ विकास समिति वडा नं. ५ बस्ने पदमप्रसाद उपाध्याय समेत जना ६ ले संयुक्त रूपमा म निवेदिका समेत विरुद्ध सार्वजनिक हितको कि.नं. ११५ बाट केही जग्गा बिक्री वितरण गरेको निर्णय, लिखत, दर्ता स्रेस्ता समेत बदर गरी सार्वजनिक प्रयोगमा खुला

रूपमा कायम राख्नू भनी मिति २०६३।०१।१६ मा सम्मानीत अदालत समक्ष रिट नं. ३५५० को उत्प्रेषण समेतको रिट दायर गर्नु भएकोमा मिति २०६४।०८।२३ मा माग बमोजिमको रिट आदेश जारी गर्नुपर्ने देखिएन, रिट निवेदन खारेज हुन्छ भनी आदेश भै अन्तिम भएको छ ।

यस सम्मानीत अदालतबाट मिति २०५५।०९।२३ को सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति महोत्तरीको निर्णय बदर हुन नसकेकोबारे विपक्षी अख्तियार दुरूपयोग आयोगलाई जानकारी गराउँदा गराउँदै पनि मिति २०६३।११।१८ को निर्णयबाट उल्लेखित मिति २०५५।९।२३ को निर्णय र सुकुम्वासी समस्या समाधान आयोग जिल्ला कार्यसमिति महोत्तरीको आदेश पत्र अनुसार भएको कित्ताकाट अनियमित तरिकाबाट भएको पुष्टि भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार दुष्परिणाम सच्याई साविक बमोजिम नै नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार) का नाममा यथावत कायम राख्न विपक्षी मालपोत कार्यालयलाई लेखी सोको जानकारी विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई दिने भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयले यस सम्मानीत अदालतको मिति २०६४।८।२३ को आदेशलाई कागजको खोस्टामा परिणत गरी दिएकाले उक्त निर्णयको आधारमा भएको काम कारवाही बदर गराउन अन्य कुनै वैकल्पिक एवं प्रभावकारी उपचारको मार्ग नरहेकोले सम्मानीत अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन गरेको छु।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ख) अनुसार आयोग भन्नाले संविधानको धारा ९७ बमोजिम गठित आयोग सम्झनुपर्छ भनिएको छ। तत्कालीन संविधानको उक्त धारा हालको संविधानको धारा ११९ लाई बुझाउने हुँदा सो धाराले प्रमुख आयुक्त र आयुक्तलाई मात्र आयोग भनेको र हाल आयोग गठन हुन नसकेको अवस्थामा विपक्षीको उक्त निर्णय त्रुटिपूर्ण छ । विपक्षीलाई जग्गा बिक्री वितरणको निर्णय, लिखतहरू जाँच गर्ने सो कार्यको दर्ता स्रेस्ता बदर गर्ने कित्ताकाटको निर्णय बदर गर्ने वा दर्ताको जग्गा सार्वजनिक कायम गर्ने अधिकार कुनै कानूनले प्रदान नगरेकाले उक्त निर्णय अधिकारक्षेत्र नाघी गरेको हुँदा बदरभागी छ । यस अदालतबाट विनोद गिरी विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग

समेत (ने.का.प. २०६३ निर्णय नं. ७७५१ पृ. १०६३) को मुद्दामा ऐनको दफा १२ को प्रयोग गर्दा यस अदालतले स्थापित गरेको सिद्धान्त अनुसार गर्नु भनी लेखी पठाउनु भन्ने स्पष्ट निर्देशन भएको छ। प्रचलित नेपाल कानूनले पुनरावेदन सरहका उजुरी सुन्न पाउने अधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धानलाई प्रदान गरेको छैन । गैर कानूनी रूपमा व्यक्तिको जग्गालाई नेपाल सरकारका नाममा कायम गर्ने ठहराएको निर्णय र कार्यादेश ऐनको दफा १२ख विपरीत हुँदा बदर भागी छ। उक्त मिति २०५५।०९।२३ को निर्णय गैर कानूनी भए अ.ब. १० नं. अन्तर्गत अदालतको अनुमति लिई नालेश उजुर लाग्ने व्यवस्था रहेको र सोही बमोजिम वादी निर्मलकुमार प्रतिवादी म निवेदिका भएको निर्णय बदर दर्ता बदर मुद्दा महोत्तरी जिल्ला अदालतमा चली मुलतबीमा रहेको छ। तसर्थ दुष्परिणाम सच्याउने नाममा अधिकार क्षेत्रको गलत प्रयोग गरी विपक्षीबाट भएको निर्णय, आदेश पत्राचार त्रुटिपूर्ण हुँदा मेरो कानूनी हक एवं संविधानको धारा १२(३)(च), १३(१)(२), १९ द्वारा प्रदत्त मौलिक हकमा आघात परेकोले उत्प्रेषणको आदेशद्वारा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ को निर्णय तथा सो निर्णयसँग सम्बन्धित अन्य विपक्षीहरूको काम कारवाही बदर गरी उक्त जग्गा म निवेदकको नाममा यथावत कायम हुने गरी विपक्षीहरूको नाममा परमादेश लगायत उपयुक्त रिट आदेश जारी गरिपाउँ। साथै रिट निवेदनको अन्तिम टुँगो नलागेसम्म विपक्षीको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीको नाममा अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू। लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु तथा अन्तरिम आदेशको हकमा विचार गर्दा निवेदकले अन्तरीम आदेश माग गरेको विषय प्रस्तुत रिट निवेदनको

अन्तिम किनारा हुँदा निरुपण गरिने विषय हुँदा तत्काल अन्तरिम आदेश जारी गर्न परेन। कानून बमोजिम गर्नु भन्ने यस अदालतको मिति २०६७।०२।१२ को आदेश।

सुकुम्वासी समस्या समाधान आयोगको मिति २०५५।०९।२३ को निर्णय अनियमित भएको पुष्टि गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ मा बसेको बैठकको नि. स. २३१ द्वारा नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार)का नाममा यथावत कायम राख्न गरिएको निर्णयलाई लिएर निवेदकले यस मन्त्रालयलाई विपक्षी बनाउनु न्यायसंगत छैन। मालपोत ऐन, २०३४ बमोजिम जिल्लास्थित कार्यालयबाट भए गरेका काम कारवाहीका सम्बन्धमा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण नै उल्लेख नगरी दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

जिल्ला महोत्तरी साविक शिवभक्तिखोर हाल गौशाला गाउँ विकास समिति वडा नं. १ कि.नं. ११५ को ज.वि. १-१५-१३१/२ सरकारी जग्गा मध्येबाट क्षेत्रफल ०-३-१० जग्गा तत्कालिन सुकुम्वासी समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष देवनारायण महतोले सहोदर भाइ शिवनारायण महतोका नाममा अनियमित ढंगले दर्ता गरी भ्रष्टाचार गरेको भनी मिति २०६२।०२।१५ मा पर्न आएको उजुरीउपर अनुसन्धान भई यस आयोगको मिति २०६३।११।१८ को बैठकबाट उक्त जग्गा शिवनारायण महतोलाई बिक्री वितरण गर्ने गरी भएको मिति २०५५।०९।२३ को निर्णय र सुकुम्वासी समस्या समाधान आयोग जिल्ला कार्य समिति महोत्तरीको आदेशपत्र अनुसार भएको कित्ताकाट अनियमित तरिकाबाट भएको पुष्टि भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार दुष्परिणाम सच्चाई साविक बमोजिम नै नेपाल सरकार को नाममा यथावत कायम राख्न मालपोत कार्यालय महोत्तरीलाई लेखी सो को जानकारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई दिने भन्ने समेत निर्णय भै कार्यान्वयनका लागि लेखी पठाइएको हो।

यस आयोगबाट मिति २०६३।११।१८ मा भएको निर्णयका सम्बन्धमा अनुचित विलम्ब गरी दायर गरेको रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ।यस आयोगबाट मिति

२०६३।११।१८ मा सो निर्णय भएको हुँदा आयोगको वर्तमान अवस्थालाई देखाउँदै उक्त निर्णय गैरकानूनी भनी लिएको जिकिर कानून विपरीत छ। विपक्षीले सम्मानीत अदालतबाट मिति २०६४।०८।२३ मा पदमबहादुर उपाध्याय समेत जना ६ ले आफु विरूद्ध दायर गरेको रिट निवेदनमा माग बमोजिमको आदेश जारी गर्नु पर्ने देखिएन भनी निर्णय भएको भनी उठाइएको प्रसँगतर्फ हेर्दा सम्मानीत अदालतबाट उक्त निर्णय हुनुपूर्व अर्थात मिति २०६३।११।१८ मा नै यस आयोगबाट सो निर्णय भएकोले उक्त रिट खारेज भएको अवस्थालाई गलत अर्थ लगाई सो को आधारमा दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज भागी छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग ले आयोगको निर्णयमा चित्त नबुझ्ने पक्षले विशेष अदालतसमक्ष पुनरावेदन गर्न सक्ने कानूनी उपचारको व्यवस्था गरेकोले माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

विपक्षी मध्येका मालपोत कार्यालय महोत्तरी र नापी शाखा महोत्तरीका नाममा मिति २०६७।२।२७ मा म्याद तामेल भएकोमा म्याद भित्र लिखित जवाफ पेश नगरी म्यादै गुजारी बसेको देखिएको ।

जिल्ला महोत्तरी गाउँ विकास समिति गौशाला वडा नं. १ बस्ने रोशनकुमार साह समेतका ७ जनाले प्रस्तुत मुद्दा सार्वजनिक सरोकारको जग्गाको विषय भएकोले सार्वजनिक जग्गाको संरक्षण गर्ने हाम्रो हक, स्वार्थ तथा दायित्व भएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ बमोजिम मुद्दामा सरीक गराई पुर्पक्ष गर्न पाउँ भनी रोशन कुमार साह समेतले र महोत्तरी जिल्ला नमुना गाउँ विकास समिति गौशालाको तर्फबाट गाउँ विकास समिति सचिव गौरी नारायण साहले मिति २०६९।०२।२६ मै छुट्टा छुट्टै निवेदन दिई यस अदालतबाट मिति २०६९।०२।२९ मा प्रस्तुत रिट निवेदनको सुनुवाईमा सहभागी हुन अनुमति प्रदान भै मुद्दा सुनुवाईमा सहभागी भएको अवस्था रहेको।

अखितयार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ख मा रहेको कानूनी व्यवस्था हेर्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम

प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्वन्धित अधिकारी वा निकायलाई लेखी पटाउन सक्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार प्रदान गरेको देखिन्छ। सोहि ऐनको दफा ३५ग ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको जरिवाना वा आदेश उपर सम्वन्धित अदालतमा पुनरावेदन गर्न सक्ने भनी उल्लेख भएको देखिन्छ। सोही जग्गाको विषयमा महोत्तरी जिल्ला अदालतमा मुद्दा चलिरहेको भन्ने पनि बुझिन आएको अवस्था छ भने अदालतमा विचाराधीन विषयमा रिट क्षेत्रमा प्रवेश गराएको अवस्था छ भने अर्को तर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख र दफा ३५ग को कानूनी व्यवस्थाहरुको सापेक्षतामा व्याख्या गर्नुपर्ने अवस्थासमेत रहेको तथा यस्तै प्रकृतिको पुनरावेदक श्याम प्रसाद पुडासैनी समेत विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको ०६७-CR-०८१९ को मुद्दामा पूर्ण इजलासबाट निरुपण हुन आवश्यक रहेको देखी मिति २०६९।०७।२२ मा आदेश भै यसै अदालतमा विचाराधीन रहेको देखिएकोसमेत सन्दर्भमा प्रस्तुत रिट निवेदनको क्षेत्राधिकार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार सम्बन्धी जटिल कानूनी प्रश्न समावेश रहेको देखिएको प्रस्तुत विवादको निरुपण पूर्ण इजलासबाट भएमा यसै प्रकृतिका अन्य मुद्दाको विवाद निरुपण गर्ने सन्दर्भमा समेत मार्गदर्शक बन्न सक्ने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ग) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने समेत यस अदालतको संयुक्त इजलासको मिति २०७२।०९।२१ को आदेश।

<u>**आदेश खण्ड**</u>

नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन पत्रमा निवेदक शैलदेवी महतोका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेति तथा विद्वान अधिवक्ताहरु श्री सतिशकुमार झा, श्री जग्गनाथ महतो र महादेव पण्डितले पदमप्रसाद उपाध्याय समेतले सुकुम्वासी समस्या समाधान आयोगको निर्णय समेत बदर गरी पाउन सम्मानीत सर्वोच्च अदालतमा रिट दायर गरेकोमा उक्त रिट निवेदन खारेज हुने गरी निर्णय भएको अवस्था छ। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुकुम्वासी समस्या समाधान आयोगको मिति २०५५।०९।२३ को निर्णय र सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति महोत्तरीको

आदेशानुसार भएको कित्ताकाट अनियमित भएकोले दुष्परिणाम सच्याउन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय क्षेत्राधिकारविहिन छ। तसर्थ आयोगको उक्त निर्णय, आदेश तथा सो अनुसारका पत्राचारहरू बदर गरिपाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख ले सार्वजनिक पदाधिकारीले गरेको निर्णयबाट उत्पन्न दुष्परिणाम सच्याउनको लागि आदेश दिन सक्ने अधिकार दिएको छ। विवादित कि.नं. ११५ को जग्गा २०२५ सालमा नापीकै समयमा विरह पर्ति, जोताहा जग्गाधनी खाली रहेको र मालपोत कार्यालयको २०५१।१०।२० को निर्णयले नेपाल सरकारको नाममा दर्ता भएको जग्गा हो। यस्तो हाट बजार लाग्ने सार्वजनिक क्षेत्रभित्र पर्ने पर्ति जग्गा तत्कालिन गा.वि.स. अध्यक्ष देवनारायण महतोले आफ्नै सहोदर भाइ शिवनारायण महतोलाई बिक्रि वितरण गर्ने गरी गरेको निर्णय तथा सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति महोत्तरीको अध्यक्षको हैसियतले निज देवनारायण महतोको आदेशले भएको कित्ताकाट अनियमित तवरले गरिएको पुष्टि भएकोले आयोगले उक्त कार्य सच्याई साविक बमोजिम नै नेपाल सरकारको नाममा जग्गा कायम राख्न मालपोत कार्यालयलाई लेखी पठाएको कार्य ऐनले दिएको अधिकारभित्र रहि गरिएको हो। आयोगको उक्त निर्णयमा चित्त नबुझ्ने पक्षले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम विशेष अदालतसमक्ष पुनरावेदन गर्न सक्ने कानूनी उपचारको व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्था विपरित असाधारण अधिकारक्षेत्रको प्रयोग गरी सम्मानीत सर्वोच्च अदालतमा प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

निवेदन साथ प्रस्तुत विवादमा संलग्न हुन आउनु भएका महोत्तरी जिल्ला नमुना गाउँ विकास समिति गौशालाको तत्कालिन सचिव गौरी नारायण साह लगायतका सरोकारवालाहरुका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरेन्द्र कुमार महतोले विवादित कि.नं. ११५ को जग्गा २०२५ सालमा नापी हुँदा पर्ति जनिएको जग्गा हो; गाउँब्लकको जग्गा होइन। यो जग्गा

सार्वजनिक उपभोगमा रहेको बजार लाग्ने जग्गा हो। देवनारायण महतो प्रधान पञ्च भएको बेलामा लक्ष्मी देवी राणाका नाउँमा सिफारिस बनाई गुपचुप ललितपुर मालपोत कार्यालयबाट सिफारिस दिएको र लक्ष्मी देवी राणाबाट पारित गरिएको जग्गा पनि अर्कै गाउँब्लकको जग्गा रहेको यसरी गलत सिफारिस र जग्गा पास विषयमा राम लखन नयाँ प्रधान पञ्च भएपछि जालसाजी, लिखत बदर समेतका मुद्दासमेत दिएकोमा देव नारायण महतो आफु २०४९ मा गाउँ विकास समितिको अध्यक्ष भएको समयमा गाउँ विकास समितिको अध्यक्षको हैसियतले मुद्दा मिलापत्र गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शैलदेवी महतो र देवनारायण महतोलाई बुझेको छ, यस्तोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन लाग्नेमा रिट क्षेत्रमा प्रवेश गरेको मिलेको छैन। जग्गा मालपोत कार्यालयको २०६४।०६।०९ को निर्णयले साविक बमोजिम सरकारको नाउँमा कायम भएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने समेत बहस गर्नुभयो।

निवेदक, विपक्षी र निवेदनसाथ संलग्न हुन आउनु भएको पक्षको तर्फबाट उपस्थित विद्वान कानून व्यावसायीहरुले गर्नुभएको बहस सुनी मिसिल समेत अध्ययन गरी हेर्दा देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

**क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख को निर्णयउपर पुनरावेदन लाग्ने हो वा रिट क्षेत्राधिकार आकर्षित हुने हो?**

**ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ को निर्णय कानून अनुरुप छ वा छैन? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?**

सर्वप्रथम पहिलो प्रश्न तर्फ हेर्दा संयुक्त इजलासबाट जटिल कानूनी प्रश्नको निरुपणको लागि भनी पूर्ण इजलासमा पठाउँदा "अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख र दफा ३५ग को कानूनी व्यवस्थाहरुको सापेक्षतामा व्याख्या गर्नुपर्ने अवस्था समेत रहेको तथा यस्तै प्रकृतिको पुनरावेदक श्यामप्रसाद पुडासैनीसमेत विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत भएको ०६७-CR-०८१९ को मुद्दामा पूर्ण इजलासबाट निरुपण हुन आवश्यक रहेको

देखी मिति २०६९।०३।२२ मा आदेश भै यसै अदालतमा विचाराधीन रहेको देखिएको" भन्दै पठाइएकोबाट दुवै मुद्दाहरुको एकै साथ सुनुवाई भएको अवस्था छ। जहाँसम्म "अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अन्तर्गत भएको निर्णयमा सोही ऐनको दफा ३५ग अन्तर्गत विशेष अदालतमा पुनरावेदन लाग्ने हो वा रिट क्षेत्रबाट निर्णयको पुनरावलोकन हुने हो भन्ने सन्दर्भमा आजै निर्णय भएको पुनरावेदक श्याम प्रसाद पुडासैनी समेत विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत भएको ०६७-CR-०८१९ को मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख र दफा ३५ग को व्याख्या गर्ने सन्दर्भमा "दफा ३५ग को व्यवस्थाको विश्लेषण गर्दा आयोगले कारवाई गरी (क) कसैलाई जरिवाना वा कुनै रकम असुल उपर गर्न दिएको आदेश वा (ख) अन्य कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन लाग्ने देखियो। यहाँ कसैलाई जरिवाना वा कुनै रकम असुल गर्न आदेश दिएको अवस्था नभै कर्मचारीहरुको हकमा "सख्त ध्यानाकर्षण" गराउने र जग्गाको श्रेष्ताको हकमा २०२८ सालको दर्ता पूर्वको स्थितिमा पुर्‍याउने निर्णय गरी लेखी पठाएको देखिन्छ। माथि वर्णित दफा ३५ग को व्यवस्थामा "अन्य कुनै आदेश" भन्ने शब्दवली प्रयोग भएकोबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अधिकारक्षेत्रको विषय मानी जग्गाको स्वामित्वमा असर पार्ने र कर्मचारीको हकमा अनुचित कार्य गरेको निष्कर्षमा पुगेको हुँदा जरिवाना वा रकम असुल गर्ने आदेश नगरेको भए पनि सो कार्य "अन्य कुनै आदेश"को वर्गमा पर्ने हुँदा त्यस्तो निर्णयमा पुनरावेदन लाग्न सक्दैन भन्न मिल्ने देखिएन" भन्ने व्याख्या भएको छ। प्रस्तुत विवादमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६३।११।१८ मा निर्णय गर्नुपूर्व उक्त आयोगले देवनारायण महतोलाई मिति २०६३।०७।२२ र मिति २०६३।०७।२५ मा बयान गराएको र रिट निवेदिका शैलदेवी महतोले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयानको लागि उपस्थित हुन सूचना पठाएपछि मिति २०६३।०८।२५ मा आयोगमा निजले निवेदन पेश गरेको देखिएबाट निजहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय उपर निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम पुनरावेदन गर्न सक्ने नै देखियो।

अब विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ को निर्णय कानून अनुरुप छ वा छैन भन्ने दोस्रो प्रश्न तर्फ हेर्दा यो विषय मुलतः सरकारी जग्गा व्यक्तिलाई अनियमित तरिकाले बिक्री वितरण गरियो र सो गर्दा सुकुम्वासी समस्या समाधान आयोग महोत्तरीका अध्यक्षले आफ्नै सहोदर भाइलाई बिक्री वितरण गर्ने निर्णय गरे भन्ने उजुरीबाट कारवाही प्रारम्भ भएको विषय हो भन्ने देखिन्छ। सो सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को व्यवस्था हेर्दा उक्त ऐनको दफा २(घ) मा "सार्वजनिक पद धारण गरेको व्यक्ति" को परिभाषा गर्दै त्यसमा प्रचलित कानून बमोजिम "कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति भन्ने उल्लेख भएको र त्यसैगरी देहाय (ङ) मा "सार्वजनिक संस्था" को परिभाषा गर्दै देहाय (१) मा "प्रचलित कानून बमोजिम नेपाल सरकारबाट स्थापित आयोग" भन्ने उल्लेख भएको देखिन्छ। सुकुम्वासी समस्या समाधान आयोग कानून बमोजिम सरकारको निर्णयद्वारा स्थापित आयोग हुँदा सार्वजनिक संस्था भै त्यसको अध्यक्षले सार्वजनिक अख्तियारीको प्रयोग गर्न पाउने हुँदा "सार्वजनिक पद धारण गरेको व्यक्ति" को परिभाषाभित्र पर्ने देखियो। अब त्यस्तो व्यक्तिले आफ्नो स्वविवेकीय अधिकार गलत तरिकाले प्रयोग गरेको वा कानून बमोजिम गर्न नहुने कार्य गरेको वा पदीय कर्तव्य पालन नगरेको कुरा दफा ३ बमोजिम अनुचित कार्यभित्र पर्ने र दफा १२ख ले त्यस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट निस्केको दुष्परिणाम आयोगले सच्याउन लेखी पठाउन सक्ने नै हुन्छ। प्रस्तुत विवाद व्यक्ति/व्यक्ति बीचको विवाद नभै सरकारी जग्गा व्यक्तिलाई बिक्री वितरण गरेको भन्ने विवाद हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न नपाउने क्षेत्राधिकार वीहिन विषय रहेछ भन्न मिल्ने देखिएन।

अब रिट निवेदनमा उल्लिखित विषयहरुतर्फ हेर्दा सर्वप्रथम यी निवेदिकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम पुनरावेदन गर्न किन नगएको हो खुलाउन सकेको पाईंदैन, जबकि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न लागेको विषय निजलाई निर्णय पूर्व नै थाहा भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिसिल हेर्दा आयोगमा देवनारायण महतोले २०६३।०७।२२ र २०६३।०७।२५

मा आयोगमा बयान गरेको देखिन्छ भने सोपूर्व पनि निजै देवनारायण महतोले अनुसन्धान अधिकृतको रुपमा तोकिएका प्रमुख जिल्ला अधिकारीसमक्ष २०६२।०८।१५ मा बयान गरेको देखिन्छ। स्वयम् शैलदेवी महतोले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपस्थित हुन सूचना पठाएपछि मिति २०६३।०८।२५ मा आयोगमा निवेदन दिएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग मूलतः अनुसन्धान गर्ने निकाय हो र यसको निर्णयबाट असर पर्ने व्यक्तिले ऐनको दफा ३५ग बमोजिम पुनरावेदन गर्न पाउने अवसर निजलाई प्राप्त भएको अवस्थामा पनि सो अधिकारको उपयोग गरेको देखिएन।

एकछिनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णयको सूचना यी निवेदिकालाई नदिएको र निजको सम्पत्ति सम्वन्धी हक हनन् भएको कारण रिट क्षेत्रबाट उपचार खोज्न आएको विषयलाई स्वीकार गरी रिट क्षेत्रबाट विषयवस्तुलाई हेर्ने हो भने पनि प्रारम्भमा नै के कुरा स्पष्ट गर्नु जरुरी छ भने रिटको क्षेत्राधिकार मूलतः पुनरावलोकीय क्षेत्राधिकार (review jurisdiction) हो। यो पुनरावेदकीय क्षेत्राधिकार (appeal jurisdiction) होइन। रिटको क्षेत्राधिकारमा सम्बन्धित अधिकारीको निर्णयको कानूनी वैधता (legality), तर्कसंगतता (rationality) र कार्यविधिगत उपयुक्तता (procedural propriety) हेरिन्छ[1]। त्यसैगरी रिट निवेदक सफाहात लिएर आएको छ वा छैन, विलम्व गरी आएको छ वा छैन भन्ने कुराहरु पनि महत्वपूर्ण हुन्छन्। विर्सनै नमिल्ने कुरा के पनि छ भने बन्दीप्रत्यक्षीकरणको रिटबाहेक अन्य रिटहरु स्वविवेकीय रिटहरु हुन् र न्यायको कसीमा राखी हेर्दा रिट निवेदकलाई देखादेखी अन्याय भएको छ भने मात्र उपयुक्त उपचारको निम्ति रिटको आदेश जारी गरी सम्बन्धित अधिकारीको आदेश सच्याउन वा बदर गर्न सकिने हुन्छ।

जहाँसम्म निवेदिका सफाहात लिएर अदालत प्रवेश गरेको छ वा छैन भन्ने प्रश्न छ, प्रस्तुत विवाद सुकुम्वासी समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष देवनारायण महतोले नेपाल सरकारका नाममा दर्ता भैसकेको सार्वजनिक उपभोगमा रहेको हाटबजार लाग्ने जग्गा अव्यवस्थित बसोबासी भनी आफ्नै सहोदर भाइ शिवनारायण महतो (यी रिट निवेदिका शैलदेवीका पति) लाई

[1] *Council of Civil Service Unions v Minister for the Civil Service* (1985) AC 374 at 408 (per Lord Diplock J)

बिक्री वितरण गर्‍यो भन्ने विवाद हो। रिट निवेदनमा देवनारायण महतो आफ्नो जेठाजु नाता पर्दैनन् भन्न सकेको पाईंदैन। त्यसैगरी रिट निवेदनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय बारे समाजमा गाईंगुई सुनी नक्कल सारी थाहा पाएको (रिटको प्रकरण नं.२) मा उल्लेख भएको देखिन्छ जबकि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देवनारायणको बयान गराएको र यी निवेदिकालाई समेत बुझेको र आयोगमा निजको निवेदन परेको कुरा माथि उल्लेख भैसकेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त मिसिल हेर्दा यी निवेदिका वा निजको परिवारले विवादित जग्गालाई लक्ष्मीदेवी राणाबाट मिति २०४३।११।१९ मा ललितपुर मालपोत कार्यालयमार्फत प्राप्त जग्गा हो भनी दावी गरेको देखिन्छ। जबकि सो मिसिल संलग्न पारित कागजको प्रतिलिपि हेर्दा "गौशाला गाउँ पञ्चायत वडा नं. २ स्थित नापनक्सा नभएको गाउँब्लकको पक्कीघर" लिएको देखिन्छ। विवादित जग्गा २०२५ सालको नापीमा नै गौशाला गाउँ पञ्चायत वडा नं. १ कि.नं. ११५ (क्षे.फ.वि.१-१५-१३¹/₂) कायम भै सार्वजनिक पर्ति जनिएको र कोही जोताहा मोही नभएको जग्गा हो भन्नेमा विवाद छैन। सो जग्गा २०५१।१०।२० सालमा नै नेपाल सरकारका नाममा दर्ता भैसकेको जग्गा हो र त्यही कि.नं ११५ बाट कित्ताकाट गरी मति २०५५।०९।२३ मा देवनारायण महतोले सहोदर भाई शिवनारायण महतोलाई बिक्री वितरण गरेको देखिन्छ। सो गर्दा कि.नं. ११५ को करिव बीचबाट कित्ताकाट गरी ५८१ बाट क्षेत्रफल ०-३-१-० जग्गा अव्यवस्थित बसोबासी भनी दिएको देखिन्छ। अव्यवस्थित बसोबासी भनी जग्गा बिक्री वितरण गर्दा पनि अव्यवस्थितरुपमा बसोबास गरेको व्यक्तिलाई नै दिनु पर्ने हो। तर रिट निवेदन दिंदासम्म पनि विवादित जग्गामा आफ्नो घर वा बसोबास छ भन्न सकेको देखिंदैन। सुकुम्वासी समस्या समाधान आयोगको नेपाल सरकारबाट स्वीकृत कार्यनीति[2] मा "अव्यवस्थित बसोबासी भन्नाले अन्यत्र कतै आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा भएका वा नभएका कुनै सरकारी, ऐलानी पर्ति जग्गामा बसोबास वा भोगचलन गरिराखेको व्यक्ति सम्झनु पर्छ" भनी परिभाषित गरेको पाइन्छ। यी निवेदिकाका पतिले सुकुम्वासी समस्या समाधान आयोग महोत्तरीमा दिएको निवेदनमा नै आफ्नो नाउँमा शिवभक्तिखोर गाउँ पञ्चायत वडा नं. २क कि.नं. ८५ मा

---

[२] मन्त्री परिषदवाट मिति २०५५।३।१; २०५५।३।२९; २०५५।४।४ र २०५५।४।११ समेतमा संसोधित र परिमार्जित)

क्षेत्रफल ०-१६-० जग्गा रहेको कुरा उल्लेख गरेको र निजको वतन पनि गोशाला गाउँ पञ्चायत वडा नं. ६ रहेको कुरा उल्लेख गरेको पाइन्छ। त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिसिल संलग्न देवनारायण महतो र शैलदेवी महतो बीच चलेको अंश मुद्दामा महोत्तरी जिल्ला अदालतमा मिति २०६४।०३।०३ मा भएको मिलापत्र हेर्दा पनि शैलदेवी महतोको नाममा जग्गाहरु रहेको देखिन्छ। यी समस्त कुराहरु हेर्दा रिट निवेदिका यस अदालतमा प्रवेश गर्दा सफाहात लिएर प्रवेश गरेको रहेछ भन्न सकिने अवस्था देखिएन। बरु रोसनकुमार शाहसमेतले नमूना गाउँ विकास समिति गौशालाको तर्फबाट र ऐ. गाउँ विकास समितिका सचिव गौरी नारायण साहको यस अदालतमा परेको निवेदनमा विवादित जग्गा हाटबजार, मेला लाग्ने जग्गा हो भन्ने उल्लेख भएको र सोही कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लिखित जवाफमा समेत उल्लेख भएबाट रिट निवेदिकाको परिवारले विभिन्न प्रपञ्च गरी सार्वजनिक उपभोगमा रहेको सरकारी जग्गा लिने खाने प्रयत्न गरेको रहेछ भन्ने देखिन आयो।

अब जहाँसम्म सर्वोच्च अदालतमा रिट निवेदन बिचाराधीन हुँदाहुँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय गऱ्यो भन्ने प्रश्न छ, सर्वोच्च अदालतमा तत्कालमा चलेको रिट निवेदन (२०६२ सालको रिट नं. ३५५०) यी निवेदिकाले दिएको निवेदन नभै पदमप्रसाद उपाध्याय समेतले दिएको सार्वजनिक सरोकारको रिट निवेदन भई त्यसमा यी निवेदिका शैलदेवी महतो लिखित जवाफवालासम्म रहेको देखिन्छ। सार्वजनिक सरोकारको निवेदनमा निवेदकको हैसियत एउटा सूचनाकर्ताको सम्म रहन्छ भन्ने आम जानकारीको विषय हो। फेरि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिंदा सो रिट निवेदनको उल्लेख गरे पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रस्तुत विषयमा मिति २०६३।११।१८ मा निर्णय गर्दा सर्वोच्च अदालतले निर्णय गरी नसकेको अवस्था भै सर्वोच्च अदालतले मिति २०६४।०८।२३ मा मात्र निर्णय गरेको र सो गर्दा मूलतः विलम्वको आधारमा रिट खारेज गरेको पाइन्छ। सार्वजनिक सरोकारको रिट निवेदन खारेज भएको भन्ने आधारमा मात्र दुषित निर्णय कायम रहन सक्ने वा सो निर्णयबाट हक प्राप्त हुन सक्ने भन्ने हुँदैन। दुषित निर्णय जहिले पनि दुषित नै हुन्छ र त्यस्तो निर्णय कायम रहन सक्ने हुँदैन।

संक्षेपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ को निर्णय कानून अनुरुप छ वा छैन? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने सन्दर्भमा प्रस्तुत रिट निवेदनमा विवाद उठाइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय माथि विभिन्न प्रकरणमा उल्लेख गरिए बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३ र १२ख को परिधिभित्रै रही भए गरेको देखिएको र सो निर्णय हुनुपूर्व निवेदिकासमेत आयोगको कारबाहीमा संलग्न रहेको देखिएको तर निजले दफा ३५ग बमोजिम पुनरावेदनको मार्ग अनुशरण गरेको नदेखिएको, रिटक्षेत्रबाट उक्त निर्णय पुनरावलोकन गर्नुपर्छ कि भन्नलाई पनि निवेदिकाले तथ्यहरु लुकाई सफाहात लिई अदालत प्रवेश गरेको नदेखिएको र आफू संलग्न भएको र आफूलाई समयमा नै जानकारी भएको निर्णय बदर गरी माग्न करिव तीन वर्ष ढीलो गरी यस अदालतमा प्रवेश गरेको देखियो। यस स्थितिमा महोत्तरी जिल्ला अदालतमा चलेको मुद्दा पनि यी निवेदिका पक्ष (प्रतिवादी) भै चलेको अवस्था हुँदा मुद्दा चलेको भन्नेसम्म आधारमा जानाजानी सबैतिरबाट सरकारी देखिएको जग्गा विभिन्न प्रपञ्च गरी दुषित तरिकाबाट देवनारायण महतोले आफ्ना सहोदर भाइ शिवनारायण महतोलाई बिक्री वितरणमा दिएको कार्यलाई मान्यता नदिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय बदर गर्नुपर्ने अवस्था नदेखिएकाले निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, निर्णय अपलोड गरी मिसिल नियमबमोजिम गरी अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः सुमन पाण्डे
फैसला लेखन सहयोग गर्नेः सदिक्षा नेपाल
इति सम्वत् २०७८ साल भदौ १७ गते रोज ५ शुभम्............।